नेपाल सरकार
# गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- 077/078
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- 3969

मिति : २०७८/०३/७

विषयः बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा ।

श्री स्थानीय तह सबै,

उपरोक्त सम्बन्धमा नेपाल सरकारले मिति २०७७/०७/२४ मा राजपत्रमा सूचना प्रकाशन गरी चार चरणमा मिति २०७७/८/१ देखि मिति २०७८/८/१ सम्ममा सबै स्थानीय तहहरुले बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने निर्णय गरे बमोजिम नेपाल सरकारको उक्त निर्णय कार्यान्वयन तथा पूर्ण पालन सुनिश्चित गर्ने सम्बन्धमा लेखिदैछ।

सोही सन्दर्भमा तोकिएको मितिबाट अनिवार्य बैंकिङ्ग प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्न र बैंकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण नगर्ने स्थानीय तहलाई सामाजिक सुरक्षा बापतको रकम निकासा नहुने भनी यस विभागबाट बिभिन्न मितिमा सबै स्थानीय तहलाई पत्राचार भएको व्यहोरा विद्धितै छ। यद्यपि, केही स्थानीय तहले तोकिएको समयमा बैंकिङ प्रणाली लागु नगरी सामाजिक सुरक्षा भत्ता नगदै वितरण गर्ने गरेको जानकारी प्राप्त भएको छ। यसरी नगद रकम वितरण गर्दा केही स्थानीय तहमा नगद रकम चोरी भएको, हराएको, लुटिएको तथा कर्मचारीहरुबाट आर्थिक अनियमितता समेत भएको पाइएको हुदा तोकिएको मिति देखि बैंकिङ प्रणाली लागु गर्नु पर्ने स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम बैंकिङ प्रणाली मार्फत मात्र सामाजिक सुरक्षा भत्ता वितरण गर्नुहुन पुनःअनुरोध छ।

यसका साथै, दुर्गम तथा भौगोलिक बिकटता भएका स्थानीय तहको हकमा भत्ता वितरण प्रक्रियालाई सहज र पहुँचयोग्य बनाउन सम्झौता भएका बैंक शाखाहरु र वडा कार्यालयसँगको समन्वयमा घुम्ती बैंकिङ्ग सेवा लगायतका सेवा मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था गर्नु हुन आदेशानुसार अनुरोध छ।

२०७८/०३/०७
(मेघ राज शंकर)
शाखा अधिकृत

बोधार्थः
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार काठमाडौं।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np